निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्य योजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक आय/व्यय विवरण अनुमोदन गर्ने

| **आय तर्फ** | | | | |
|---|---|---|---|---|
| **सङ्घीय सरकार तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित आय** | **वास्तविक आय** | **आम्दानी प्रतिशत** |
| १ | समानीकरण अनुदान | ११,२४,००,०००/- | १०,२७,८९,८००/- | ९०.४९ |
| २ | शसर्त अनुदान चालु | २१,२६,०८,०००/- | २०,८९,५४,०००/- | ९८.२८ |
| ३ | शसर्त अनुदान पुँजीगत | २,४१,००,०००/- | २,४१,००,०००/- | १०० |
| ४ | विशेष अनुदान पुँजीगत | ३,२१,००,०००/- | १,६८,४९,७१६।०० | ५२.४९ |
| ५ | समपुरक अनुदान पुँजीगत | २,१५,००,०००/- | १,१७,२६,५३३ | ५४.५४ |
| **प्रदेश सरकार तर्फ** | | | | |
| १ | समानीकरण अनुदान | १,१६,०५,०००/- | १,१६,०५,०००/- | १०० |
| २ | शसर्त अनुदान चालु | १,५६,७४,०००/- | १,५६,७४,०००/- | १०० |
| ३ | शसर्त अनुदान पुँजीगत | ५०,००,०००/- | ५०,००,०००/- | १०० |
| ४ | विशेष अनुदान पुँजीगत | ६५,००,०००/- | ३९,६७,०८४/- | ६१.०३ |
| ५ | समपुरक अनुदान पुँजीगत | २,२८,००,०००/- | ८८,१६,३८४/- | ३८.६७ |
| **राजश्व बाँडफाड तर्फ** | | | | |
| १ | घर जग्गा रजिस्ट्रेशन दस्तुर | ३,००,०००/- | १६,२७,०१२ | ५४२.३४ |
| २ | बांडफांड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,०६,०१,७६९/- | ५,४४,७२,८६३.८४ | ८९.८९ |
| ३ | बांडफांड भई प्राप्त हुने अन्तशुल्क | २,०२,००,५९०/- | २,५०,४३,६३१.६८ | १२३.९७ |
| ४ | बांडफांड भई प्राप्त हुने वन रोयल्टी | १०,०००/- | १६,२६२.२८ | १६२.६२ |

| | | | | |
|---|---|---|---|---|
| ५ | बांडफांड भई प्राप्त हुने जलस्रोत सम्बन्धी रोयल्टी | २५,०००/- | ० | ० |
| ६ | बांडफांड भई प्राप्त हुने सवारी साधन कर | ३,२१,४९,२५६.०० | २,५५,५८,६०१.६१ | ७९.५ |
| **आन्तरिक स्रोत** | | | | |
| १ | आन्तरिक स्रोत | ९,४१,८३,८८५/- | ३,४६,२१,८०४.०२ | ३६.७६ |
| जम्मा | | ६७,१७,५७,५००/- | ५५,०८,२२,६९२.४३ | ८१.९९ |
| **व्यय तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित व्यय** | **वास्तविक व्यय** | **व्यय प्रतिशत** |
| १ | चालु तर्फ | ३९,०२,६४,२५०/- | ३०,४९,४६,१४०.५८ | ७८.१४ |
| २ | पुंजीगत तर्फ | २८,६४,९३,२५०/- | १७,७२,६२,८४४.४९ | ६१.८७ |
| जम्मा | | ६७,१७,५७,५००/- | ४८,२२,०८,९८५.०५ | ७१.२५ |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी तयार पारेको देहाय बमोजिमको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन तथा पेश भए बमोजिमको अनुगमन समितिको वार्षिक प्रतिवेदन समेत अनुमोदन गर्ने निणर्य गरियो।

**गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन**

१८ आषाढ देखि २१ आषाढ २०८३ सम्म

यस शैलुङ गाउँपालिकाको आ. ब. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्व ती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले २०८३ आषाढ १८ देखि २०८३ आषाढ २१ गते सम्म स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

२०८३ आषाढ १८ गते

| **क्र. सं.** | **अनुगमन गरिएका आयोजनाहरुको नाम** | **ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १ | ठाडे पसलघुम्ती स्वास्थ्यचौकी सडक सोलिङ | शैलुङ १ | |
| २ | जुगे दुधपोखरी कल्लाबारी डाँसेखोला सडक | शैलुङ १ | |
| ३ | गुरु रेम्पोर्चे पार्क | शैलुङ १ | |

| | | | |
|---|---|---|---|
| ४ | शैलुङ च्याङरेसिग थेगछेनलिङ गुम्बा गैरी | शैलुङ १ | |
| ५ | ताम्चेत खर्सुङ भित्ता सडक | शैलुङ १ | |

२०८३ आषाढ १९ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | च्यानडाँडा घाट सडक निर्माण | शैलुङ ६ | |
| २ | ओखरबोट वडा कार्यालय सडक | शैलुङ ६ | |
| ३ | वडाभर खानेपानी व्यवस्थापन आयोजना | शैलुङ ६ | |
| ४ | गोठपानी सामुदायिक अधुरो भवन निर्माण | शैलुङ ६ | |
| ५ | भुरुङ्गाखोला पानीघाट सिंचाई योजना | शैलुङ ६ | |
| ६ | मेहेलेडाँडा ठुलोखोला सडक | शैलुङ ६ | |
| ७ | फस्कु खानेपानी आयोजना | शैलुङ ७ | |
| ८ | हुलाके लम्बाईगाउँ पस्ने सडक | शैलुङ ६ | |
| ९ | वडा कार्यालय मानेडाँडा सडक | शैलुङ ७ | |
| १० | तामाङ सामुदायिक भवन निर्माण | शैलुङ ७ | |
| ११ | हेल्थपोष्ट वडा कार्यालय सडक स्तरोन्तित | शैलुङ ७ | |
| १२ | विपदजन्य निजी आवास निर्माण अन्तरगत लिला पाण्डे, धन बहादुर तामाङ, सरस्वती माया खड्का, जानुका बुढाथोकी र कमल बहादुर खड्काको निजी आवास निर्माण कार्य | शैलुङ ७ | |

२०८३ आषाढ २० गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कल्लाबारी मावि भौतिक व्यवस्थापन | शैलुङ १ | |
| २ | कल्लाबारी मावि क्यान्टिन तथा सिढी निर्माण | शैलुङ १ | |
| ३ | घट्टेखोला कल्भर्ट निर्माण | शैलुङ २ | |
| ४ | २ नं वडा कार्यालय खोला नियन्त्रण तथा मैदान व्यवस्थापन | शैलुङ २ | |
| ५ | वडा कार्यालय शौचालय निर्माण | शैलुङ २ | |
| ६ | बाघखोर पोर्साब २ नं वडा सडक | शैलुङ २ | |
| ७ | धर्मछ्योलिङ गुम्बा निर्माण | शैलुङ २ | |
| ८ | नविन मावि होस्टेल व्यवस्थापन | शैलुङ २ | |

| | | | |
|---|---|---|---|
| ९ | देउराली बाघखोर हुँदै २ नं वडा कार्यालय सडक | शैलुङ २ | |

२०८३ आषाढ २१ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | चिसापानी ढाड लाम्चेआहाल सडक स्तरोन्ति | शैलुङ ३ | |
| २ | वीरेन्द्र मावि भौतिक व्यवस्थापन | शैलुङ ५ | |
| ३ | वीरेन्द्र मावि किवी खेती थोपा सिंचाई | शैलुङ ५ | |
| ४ | वीरेन्द्र मावि आइसिटी ल्याब ल्यापटप तथा प्रवजेक्टर खरिद | शैलुङ ५ | |
| ५ | ओखरबोट काटाकुटी सिंचाई आयोजना | शैलुङ ५ | |
| ६ | कृषि उपज संकलन केन्द्र भवन निर्माण | शैलुङ ५ | |
| ७ | कृषिउपज संकलन केन्द्र भवन निर्माण तथा सामाग्री व्यवस्थापन | शैलुङ ५ | |
| ८ | भ्वाङ पर्ने दुर्सा संरक्षण तथा निर्माण | शैलुङ ३ | |
| ९ | गाउँपालिका सभाहल मर्मत तथा व्यवस्थापन | शैलुङ ३ | |
| १० | शैलुङ आधारभूत स्वास्थ्य सेवाकेन्द्र प्रस्तावित शैलुङ अस्पताल | शैलुङ ३ | |

**देखिएको स्थलगत अवस्थाः**

वडा नं १ को जुगे दुधपोखरी कल्लाबारी डाँसेखोला सडक योजनाको कार्य भै रहेको देखिए पनि कामको गति तीव्र नदेखिएकोले समयमा नै तोकिए बमोजिमको कार्य सम्पन्न गर्नको लागि कामदार संख्या बढाई कामको गति बढाउनु पर्ने देखिएकोले सोही बमोजिम गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको। अन्यथा निर्माण व्यवसायी स्वयं जिम्मेवार हुने कुराको जानकारी सम्बन्धित निर्माण व्यवसायीलाई दिइएको।

वडा नं ५ को ओखरबोट काटाकुटी सिंचाई आयोजनाको कार्य भैरहेकोले समयमा नै कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको।

वडा नं ३ को शैलुङ आधारभूत स्वास्थ्यसेवा केन्द्र प्रस्तावित शैलुङ अस्पतालको कार्यलाई थप तिब्रता दिई निर्धारित समयमा नै तोकिए बमोजिमको कार्य सम्पन्न गरी पेश गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको।

वडा नं ६ मा हुलाके लम्बाईगाउँ पस्ने सडक सोलिङको कार्य भए पनि नाला व्यवस्थापन र हुलाकेमा ग्याविन गर्ने कार्य बाँकी भएको देखिएकोले थप जनशक्ति र समय व्यवस्थापन गरी समयमा नै तोकिएको गुणस्तरको कार्य गरी पेश गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको।

वडा नं ५ मा कृषि उपज संकलन केन्द्र भवन निर्माण अन्तरगत निर्माण व्यवसायीद्वारा भएको काम सम्पन्न भएको साथै उपभोक्ता समितिद्वारा भएको ट्रस भवन निर्माणको काम सम्पन्न भएको देखिएको।

वडा नं २ मा देउराली बाघखोर २ नं वडा कार्यालय भुषाफेदा जाने सडक स्तरोन्नतिको कार्य भै रहेकोमा कार्य सम्पन्न गर्नको लागि थप दक्ष जनशक्ति व्यवस्थापन र समय व्यवस्थापन गरी कार्य गर्न सुझाव दिदै अन्यथा समयमा नै तोकिएको

गुणस्तरको कार्य हुन नसकेमा निर्माण व्यवससायी स्वयं जवाफदेही र जिम्मेवार हुने जानकारी गराइएको। फस्कु खानेपानी योजना शैलुङ ७ को कार्य अन्तिम चरणमा पुगेको देखियो। यस बाहेक बाघखोर पोर्साव २ नं वडा सडक शैलुङ २, भ्वाङ पर्ने दुर्सा संरक्षण तथा निर्माण शैलुङ ३, गाउँपालिका सभाहल मर्मत तथा व्यवस्थापन शैलुङ ३ गोठपानी सामुदायिक अधुरो भवन निर्माण शैलुङ ६ लगायतका कार्यहरु सम्पन्न भएको देखिएको छ।

**निष्कर्षः**

गाउँपालिका स्तरीय अनुगमन समितिको टोली, निर्माण व्यवसायी तथा स्थानीय लाभग्राही समेतको सहभागिितामा यस अवधिमा अनुगमन गरिएका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिए तापनि निर्माण व्यवसायीबाट गरिएका अधिकांश योजनाहरु सम्पन्न गर्न थप जनशक्ति व्यवस्थापन गरी अधिकतम समयको उपयोग गर्न नसकिएमा कठिनाई पर्ने अवस्था देखिएको छ। यसबाट निर्माण व्यवसायीलाई समयमा नै कार्य प्रारम्भ गर्न गराउन नसकिएको हो कि भन्ने अनुभूति अनुगमन टोलीले गरेको छ। उपभोक्ता समितिबाट गरिएका कार्यहरुमा भने सन्तुष्टी हुने अवस्था देखिएको छ। स्थानीय समुदायले अपनत्व लिनेगरी आयोजना जिम्मा लिने र मर्मत सम्भार लगायत नियमित सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिनेगरी संस्थागत विकास गर्न सकिएमा र वडा स्तरीय अनुगमन समितिको सक्रियता समेत थप बढाउन सकिएमा परिणाम अझ प्रभावकारी हुन सक्ने देखिएको छ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा कार्य सम्पन्न भै प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, उपभोक्ता समितिलाई भुक्तानी दिने बिल, उपभोक्ता समितिले पेश गरेका सक्कल बिल भरपाई, आम भेलाले गरेको खर्च स्वीकृत सम्बन्धी निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिश उपभोक्ता भेलाको निर्णय, आयोजना स्तरीय वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन समितिका प्रतिवेदनहरु समेत अध्ययन गरी देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि २०८३ आषाढ ०५ गते देखि २४ गते सम्म विभिन्न मितिमा बसेको जाँचपास तथा फरफारक समितिको बैठकको निर्णयहरु अनुमोदन गरी पेश भएको फरफारक समितिको वार्षिक प्रतिवेदन समेत अनुमोदन गर्ने

**तपसिलः**

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| १ | किटिनी गोठपानी सडक सोलिङ आयोजना शैलुङ ६ | ५,२०,५१३/३४ | ५,२५,३७३/९३ | ५,१७,५००/०० | सडक सोलिङ १४५ घमी भएको। |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| २ | पुरानागाउँ मुलाबारी भकारे सडक मर्मत शैलुङ ४ | २,७३,५०२/९४ | २,७५,६३८/२७ | २,६९,७५०/०० | सडक सोलिङ १२८ मीटर अर्थात ७६ घमी भएको। |
| ३ | भुमेथान बर्खन रातमाटे सडक मर्मत सम्भार शैलुङ ४ | २,७३,५०२/९४ | २,६३,७९४/४४ | २,६०,१८०/०० | सडक सोलिङ १२२ मीटर (७२ घमी) भएको। |
| ४ | ठुलोनागी कृषि सडक शैलुङ २ | ३,२४,०६४/८० | २,९२,१५०/०२ | २,५९,५००/०० | ११४ मीटर सडक सोलिङ (७२ घमी) भएको। |
| ५ | थगम अधुरो छ्योर्तेन निर्माण शैलुङ २ | ४,०५,७३५/७१ | ४,११,५६८/६१ | ३,३५,५००/०० | छ्योर्तेनमा विभिन्न परम्परागत बुट्टा भर्ने र भुईमा पी सी सी ढलान गर्ने कार्य भएको। |
| ६ | आहालेचौर सामुदायिक भवन शैलुङ ६ | ५,४३,७१६/३८ | ५,४५,०४०/४२ | ४,८०,०००/०० | जस्तापाताको छाना लगाई रंगरोगन र झ्यालढोका तयार गरी भवन निर्माण भएको। |
| ७ | साङ्गेलुङ गुम्बा मर्मत तथा छानो व्यवस्थापन शैलुङ १ | २,२३,४७३/५९ | २,२७,१७२/३० | १,९०,५००/०० | फलामे फ्रेममा जस्तापाताको छाना लगाउने कार्य भएको। |
| ८ | शैलुङ्गेश्वर आवि मनगाउँ भौतिक व्यवस्थापन शैलुङ ८ | २,१९,०३५/९८ | २,२२,७८२/६२ | १,९१,८००/०० | फलामे स्क्वायर पाईपमा जस्तापाताको छाना लगाउने कार्य भएको। |
| ९ | जम्बुसिंह कल्लाबारी सडक स्तरोन्नति शैलुङ २ | ३,२७,७८५/१६ | ३,२७,७८५/१६ | २,८७,२००/०० | २ को ग्याविन १९ थान र १.५ को ग्याविन १९ थान खरिद गरी ढुङ्गा भर्ने कार्य भएको। |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| १० | आहालबारी गोरेटो बाटो निर्माण शैलुङ ७ | १,७०,६९४/४७ | १,६३,२०७/६२ | १,६२,५३८/०० | सिमेन्ट मसलाको जोडाईमा ढुङ्गाको सिढी बनाउने र वाल लगाउने कार्य भएको। |
| ११ | पैति स्कुल दाङ सडक शैलुङ ८ | ५,४४,३०३/०० | ५,४६,३५३/२० | ४,७९,७००/०० | सडक सोलिङ १२८ मीटर अर्थात ७६ घमी भएको। |
| १२ | साननागी कुविण्डे सडक आयोजना शैलुङ ८ | ४,३५,६४२/४० | ४,३७,६९२/६० | ३,८३,७००/०० | सडक सोलिङ २१३ मीटर (१०८ घमी) भएको। |
| १३ | कभर्ड हल पछाडि पहिरो नियन्त्रण आयोजना शैलुङ ३ | ४,२७,९९३/६३ | ४,२८,१०४/१८ | ३,८३,५००/०० | २ को ग्याविन १९ थान र १.५ को ग्याविन २९ थान खरिद गरी ढुङ्गा भर्ने कार्य भएको। |
| १४ | जोरमाने छहरे सामुदायिक भवन गोरेटो बाटो निर्माण शैलुङ ५ | ४,०७,०७८/७५ | ४,०७,१६०/२० | ४,०३,५००/०० | १ मीटर चौडाईको पीसीसी ढलान गरी १२१ मीटर गोरेटो बाटो निर्माण भएको। |
| १५ | शैलुङ हिलटन आवि भौतिक व्यवस्थापन शैलुङ ८ | ६,४९,८८१/६२ | ६,२२,७००/८९ | ५,५१,८००/०० | रंगरोगन भर्याङ सहित एक कोठे भवन निर्माण भएको। |
| १६ | मालिघ्याङ खोला काब्रेवेसी सिंचाई योजना शैलुङ २ | ८,५९,२७६/४४ | ८,५५,६५९/८१ | ८,४६,८४६/०० | आर सी सी ढलान गरी १९२ मीटर सिंचाई कुलो निर्माण भएको। |
| १७ | वडा स्तरीय खानेपानी मुहान संरक्षण शैलुङ ५ | १,०७,७०६/१४ | ८२,४९७/१६ | ७२,८३०/०० | मुहान व्यवस्थापन गरी धरा निर्माण भएको। |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| १८ | चोरनागी भित्तरे सडक शैलुङ ८ | ५,४५,०९९/८२ | ५,४७,२३९/९७ | ४,७९,८००/०० | नयाँ ट्र्याक थप गरी साविकको सडक सोलिङ भएको। |
| १९ | ठाडे पसल घुम्ती स्वास्थ्यचौकी सोलिङ शैलुङ १ | | | ३,४७,२४०/०० | सडक सोलिङ कार्य भएको। |
| २० | हेल्थपोष्ट वडा कार्यालय सडक स्तरोन्नति शैलुङ ७ | ३,५०,७००/४८ | ३,५२,५४५/२७ | ३,४७,५००/०० | सडक सोलिङ कार्य भएको। |
| २१ | चिसापानी ढाड लाम्चेआहाल सडक स्तरोन्नति शैलुङ ३ | ५,४९,२०१/९४ | ५,६३,९५७/२५ | ४,७९,५००/०० | सडक सोलिङ भएको। |
| २२ | जम्बुसिं डासेखोला कल्लाबारी सडक स्तरोन्नति शैलुङ २ | ३,८६,३५७/५८ | १,५२,६४४/३७ | १,३१,९९०/०० | जम्बुसिं बाट कल्लाबारी जाने सडक सरसफाई तथा सुधार कार्य भएको। |
| २३ | भुरुङ्गा खोला पानीघाट सिंचाई शैलुङ ६ | ५,४९,१४९/५७ | ५,२८,०८८/८१ | ४,६०,०९१/०० | ग्याविनमा ढुङ्गा भर्ने र पाइप जडान गर्ने कार्य भएको। |
| २४ | २ नं वडा कार्यालय खोला नियन्त्रण तथा मैदान व्यवस्थापन शैलुङ २ | ३,३७,१५१/४४ | ३,२७,४१७/९४ | २,७९,१८५/०० | ग्याविनमा ढुङ्गा भर्ने कार्य भएको। |
| २५ | वडा कार्यालय शौचालय निर्माण शैलुङ २ | २,१६,५८७/०६ | २,२८,८२३/२८ | १,९१,३००/०० | वडा कार्यालय परिसरमा शौचालय निर्माण कार्य भएको। |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| २६ | मेहेलेडाडा ठुलोखोला सडक स्तरोन्नति शैलुङ ६ | ५,३६,९८९/३३ | ५,१५,९७९/८३ | ४,६०,४२०/०० | सडक सुरक्षाको लागि ग्याविन जाली लगाउने सोलिङ गर्ने र सडक सरसफाई गर्ने कार्य भएको। |
| २७ | गोठपानी सामुदायिक अधुरो भवन निर्माण शैलुङ ६ | ८,७२,४६९/८६ | ८,६९,६२२/५६ | ७,६५,५००/०० | सामुदायिक भवनमा प्लाष्टर रंगरोगन गर्ने झ्यालढोकामा खापा राख्ने र बिजुलीको कार्य भएको। |
| २८ | घट्टेखोला कलभर्ट निर्माण शैलुङ २ | ८,५४,७०६/९४ | ८,७१,९६१/०६ | ७,६७,५००/०० | घट्टेखोलामा आर सी सी ढलान गरी कल्भर्ट तयार भएको। |
| २९ | ताम्चेत खर्सुङ भित्ता नयाँ ट्र्याक शैलुङ १ | ४,२८,०६५/०८ | २,०८,१९४/२२ | १,८६,०००/०० | ताम्चेत खोलाबाट खर्सुङ भित्ता जोड्ने ट्र्याक निर्माण भएको। |
| ३० | हुलाके सोतेसिम खानेपानी आयोजना शैलुङ ६ | ३,२१,२८४/१३ | २,५९,०९४/०३ | २,३२,२००/०० | इन्टेक निर्माण ट्याङ्की निर्माण र धारा निर्माण कार्य भएको। |
| ३१ | भदौरे फुस्रामाटा सडक शैलुङ ८ | ५,४४,३०३/०० | ५,४८,४०३/४० | ४,७९,७००/०० | सडक सलिङ कार्य भएको। |
| ३२ | ढुङ्गेदेखि कालापानी सडक मर्मत शैलुङ ६ | १,७०,१९८/३८ | १,७५,७१३/५५ | १,४९,०००/०० | ढुङ्गे बाट कालापानी जाने सडक मर्मत सुधार भएको। |
| ३३ | कल्लाबारी मावि भौतिक व्यवस्थापन शैलुङ १ | ५,५६,९८९/४६ | ५,५७,४३५/६० | ४,७९,०००/०० | कल्लाबारी मावि खेल मैदानमा ब्लक बिछयाउने कार्य भएको। |
| ३४ | वडा कार्यालय मानेडाडा सडक शैलुङ ७ | ५,४०,०१९/२० | ५,५४,११२/०५ | ४,७९,२००/०० | मानेडाडाबाट वडा कार्यालय जोड्ने सडक सोलिङ कार्य भएको। |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| ३५ | वडा कार्यालय झ्यालढोका व्यवस्थापन शैलुङ ४ | ३,०५,९७५/९० | ३,०४,४७५/९० | २,७३,६००/०० | निर्माण भएको वडा कार्यालयमा झ्याल ढोका राख्ने कार्य भएको। |
| ३६ | तामाङ सामुदायिक भवन निर्माण शैलुङ ७ | ५,४०,९३२/७२ | ५,४९,६४१/५० | ४,७९,५००/०० | सामुदायिक भवन निर्माण कार्य भएको। |
| ३७ | कल्लाबारी मावि क्यान्टिन तथा सिढी निर्माण शैलुङ १ | ४,३२,५७५/५१ | ४,३८,३४०/१५ | ३,८२,५००/०० | माविमा क्यान्टिन र उक्त क्यान्टिनमा जाने सिढी निर्माण कार्य भएको। |
| ३८ | बीरेन्द्र मावि किवीखेती थोपा सिंचाई शैलुङ ५ | ९६,६४०/०० | ९५,४४०/०० | ८५,३००/०० | किवी खेतीमा सिंचाई व्यवस्थापन भएको। |
| ३९ | बीरेन्द्र मावि भौतिक व्यवस्थापन शैलुङ ५ | २,१४,०२६/७६ | २,१८,७७३/८३ | १,९१,५००/०० | भर्याङ व्यवस्थापन र झ्याल ढोकामा रंगरोगनको कार्य भएको |
| ४० | कल्लाबारी मावि भौतिक व्यवस्थापन शैलुङ ५ | २,१५,३३६/२४ | ९७,६२४/१३ | ८७,०४१/०० | विद्यालयको खेल मैदानमा नाला बनाउने कार्य भएको। |
| ४१ | च्यानडाँडा सडक तथा घाट निर्माण शैलुङ ६ (गत वर्षको योजना) | ५,४५,०९३/१८ | ४,८४,४१५/८१ | ४,२४,५७६/०० | घाट सम्म जाने सडक तथा घाट निर्माण कार्य भएको। |
| ४२ | फलाटे पैती खोलाघारी ढाडे सडक शैलुङ ८ | ६,५७,३४७/७६ | ६,५९,३०२/१४ | ५,७५,७००/०० | विभिन्न प्रकारको माटो १७६६ साधारण चट्टान ७९३ घमी काटिएको १८४ मीटर सडक सोलिङ (९४ घमी) कार्य भएको |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| ४३ | कोसेलीघर भौतिक व्यवस्थापन शैलुङ ८ | ५,४५,४८९/३१ | ५,१९,६२०/१४ | ४,५७,०००/०० | इटाको वाल लगाई प्लाष्टर गर्ने रंगरोगन गर्ने खापा राख्ने सटर राख्ने लागयतका कार्य गरी कोसेलीघर व्यवस्थापन भएको |
| ४४ | गुरुरेम्पोर्चे पार्क निर्माण शैलुङ १ | ५,३५,६६८/६८ | ४,८०,७४८/८३ | ४,३०,०००/०० | भुईमा ब्लक बिछ्याउने तथा मूर्ति राख्नको लागि इटाको वाल लगाएर आधार तयार गर्ने कार्य भएको। |
| ४५ | गोठपानी मैदाने डाँडाखर्क जोम्साखोला सडक शैलुङ ६ | ५,४४,३४३/५८ | ५,३४,८३५/२७ | ४,७१,०००/०० | विभिन्न प्रकारको माटो १२६७ घमी काटी सडकको पहिरो पन्छाउने र नाला बनाउने कार्य र २१८ मीटर सडक सोलिङ (१११ घमी ) भएको । |
| ४६ | नविन मावि होस्टेल व्यवस्थापन शैलुङ २ | ५,६३,६७४/२९ | ५,२९,७७५/९० | ४,५०,२३३/०० | ईटाको वाल लगाउने प्लाष्टर गर्ने झ्याढोकाको चौकोस र खापा राख्ने लगायतका कार्य भएको। |
| ४७ | लामाघ्याङ गोचेत फस्कु जोड्ने सडक शैलुङ ३ | ४,३३,६१३/७२ | ४,३७,३४६/७४ | ३,८३,३००/०० | विभिन्न प्रकारको माटो ४५५ घमी नरम प्रकारको चट्टान ४० घमी र कडा चट्टान १० घमी काटी सडक सरसफाई र नाला व्यवस्थापन हुनुका साथै सुख्खा ढुङ्गाको वाल ८० घमी लगाउने कार्य भएको। |
| ४८ | खानेपानी व्यवस्थापन वडाभर शैलुङ ६ | ४,४३,४५८/४८ | ५,३५,५३०/४३ | ४,७२,२००/०० | इन्टेक निर्माण रिजर्भ ट्याङ्की निर्माण पाइप खरिद गरी विछयाउने र |

| क्र सं | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी भएको रकम रु | मुख्य मुख्य कार्यको विवरण |
|---|---|---|---|---|---|
| | | | | | २४ वट धारा निर्माण गर्ने समेतका कार्य भएको। |
| ४९ | कृषिउपज संकलन केन्द्र भवन निर्माण तथा सामाग्री व्यवस्थापन शैलुङ ५ | १०,६९,६७८/७९ | १०,०२,५६९/१४ | ८,९९,०००/०० | फलामे ट्रसको फ्रेममा जस्तापाताको छाना लगाई भवन निर्माण कार्य भएको। |
| ५० | शैलुङ च्याङ्रेसिग थेग छेनलिङ गुम्बा शैलुङ १ | ५,९१,१६४/२८ | ६,०३,०१८/३४ | ४,७९,५००/०० | गुम्बा निर्माणको लागि हात्तीपाईले राखी पिलरको लागि तयारी गरिनुका साथै भित्तामा वाल लगाउने कार्य समेत भएको। |

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक समिक्षा बैठक मिति २०८३/०५/०८ गते गाउँसभा हलमा गर्ने

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को चौथो त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३/०४/२९ गते गाउँसभाहलमा गर्ने

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि बागमति प्रदेश सरकार, समपुरक अनुदान तर्फको “जुगे दुधपोखरी कलाबारी डासे खोला सडक, वडा नं. १, ठेक्का नं. **SRM/NCB/W/16-2082/083** को निर्माण व्यवसायी श्री महेश्वर्या  निर्माण सेवा प्रा.लि.,सुर्यविनायक, भक्तपुर सँग सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाईएकोमा निर्माण व्यवसायीको मिति २०८३/०३/०१ गतेको पत्रानुसार निर्माण कार्यको सामग्री निर्माण स्थलमा भएको तर सो सँग सम्बन्धित कार्य गर्ने कामदारको अभाव भएको कारण देखाई म्याद थपको लागि पेश गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपुर्ति सहित २०८३ कार्तिक मसान्त सम्म म्याद थप गर्ने

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको भू-उपयोग वर्गिकरण सम्बन्धी कार्य परामर्शदाता छनौट गरी गर्ने

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विद्दुत विकास विभाग(अनुमतिपत्र महाशाखा)को च.नं. १७, मिति २०८३/०४/०५ गतेको पत्रानुसार  अप्पर फस्कुखोला जलविद्दुत आयोजना(९५५ कि.वा.)को लागि विद्दुत आयोजनाको प्राविधिक परामर्श (सफाई) दरखास्त प्राप्त भएको हुँदा शैलुङ गाउँपालिकाको जलविद्दुत सम्बन्धी कार्यविधि,२०८३ को दफा-३ बमोजिम आरती हाईड्रोपावर प्रा.लि., कोटेश्वर-३२, काठमाण्डौंले निवेदन पेश गरि तोकिएको राजश्व समेत दाखिला गरेको हुँदा सो प्रा.लि.लाई सम्भाव्यता अध्ययनको लागि मिति २०८३/०५/०१ गते देखि २०८४/०५/०१ गते सम्मलाई अनुमति प्रदान गर्ने

प्रस्ताव नं. १० माथि छलफल गर्दा करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्वन्धी कार्य सञ्चालन कार्यविधि (Standard Operating Procedure-SOP),२०८२ ले स्थानीयतहहरुलाई प्रदान गरेका सेवाहरू यस गाउँपालिकाबाट प्रदान गर्नको लागि आन्तरिक राजश्व कार्यालय, धुलिखेल सँग सम्झौता गर्ने र सो सँग सम्बन्धित कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने

प्रस्ताव नं. १२(क) माथि छलफल गर्दा तपसिल बमोजिमको शिक्षा समितिको बैठकको निर्णयहरु अनुमोदन गर्ने

तपसिल

क)शैलुङ गाउँपालिका वडा नं. २ मा रहेको ताप्केडाँडा आधारभुत  विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको कक्षा १ देखि कक्षा ३ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त बिद्यालयमा बाल विकास कक्षा मात्र सञ्चालन गर्ने  साथै  समायोजन भएको कक्षाहरु नविन माध्यमिक  बिद्यालयमा मिलान गर्ने र सो विद्यालयमा नवीन माध्यमिक विद्यालयबाट नै तलब भत्ता खाने गरी मातृ विद्यालय कायम गर्ने ।

ख)  शैलुङ गाउँपालिका वडा नं. ८  मा रहेको शैलुङ्गेशवर  आधारभूत  विद्यालय, ढुङ्गेमा विद्यार्थी संख्या न्युन रहेको , नजिक माध्यमिक विद्यालय रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको कक्षा ४ देखि कक्षा ५ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त कक्षाहरु चण्डिका आधारभुत  बिद्यालय शैलुङ-८ दोलखामा मिलान गर्ने ।

ग) शैलुङ गाउँपालिका वडा नं. ८  मा रहेको महादेव  आधारभूत  विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको , नजिक माध्यमिक विद्यालय रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको कक्षा ४ देखि कक्षा ५ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त कक्षाहरु शैलुङ हिलटन माध्यमिक   बिद्यालय शैलुङ-८ दोलखामा मिलान गर्ने ।

घ) शैलुङ गाउँपालिकामा बिद्यालय समायोजन भए पश्चात बिद्यालयमा दरबन्दी मिलान कार्य तपसिल बमोजिम हुने गरी गर्ने ।

घट हुने विवरण

| क्र.सं. | विद्यालयको नाम | कार्यालय सहयोगी | बाल बिकास सहजकर्ता | प्रा.वि. शिक्षक | साविक उच्च मा.वि. शिक्षक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विरेन्द्र माध्यमिक विद्यालय | | | | २ |
| २ | कालीभुमे माध्यमिक विद्यालय | | | २ | |
| ३ | नविन माध्यमिक विद्यालय | | | २ | |
| ४ | ताप्केडाँडा आधारभुत विद्यालय | | | १ | |
| ५ | मागापौवा माध्यमिक विद्यालय | | | १ | |
| ५ | शैलुङ्गेश्वर आधारभुत विद्यालय , ढुङ्गे | | 0 | | |
| ६ | मनमोहन शिक्षा सदन आधारभुत विद्यालय | | | १ | |
| ७. | शारदा माध्यमिक विद्यालय | | | २ | |
| | | 0 | 0 | ९ | २ |

थप हुने विवरण

| क्र.सं. | विद्यालयको नाम | बाल बिकास सहजकर्ता | प्रा.वि. शिक्षक | उच्च मा वि शिक्षक |
|---|---|---|---|---|
| १ | शारदा माध्यमिक विद्यालय | | | २ |
| २ | दुर्गा माध्यमिक विद्यालय | | ४ | |
| ३ | सरस्वती आधारभुत विद्यालय | | १ | |
| ४ | शैलुङ हिलटन माध्यमिक विद्यालय | | २ | |
| ५ | राष्ट्रिय आधारभुत विद्यालय | | १ | |
| ६ | चण्डिका आधारभुत विद्यालय | | १ | |
| ७ | शैलुङ गाउँपालिका | | ० | |
| | | ० | ९ | २ |

ङ) शैलुङ गाउँपालिकाको मिति २०८३ जेठ २३ गतेको शिक्षा समितिको निर्णय अनुसार भएको दरबन्दी मिलानमा तपसिल बमोजिम हुने गरी शिक्षकको दरबन्दी सहित सरुवा तथा काज सरुवा गर्ने ।

तपसिल

| क्र.सं. | शिक्षकको नाम | पद | साविकको विद्यालय | हाल सरुवा हुने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | खेमराज भट्टराई | साविक उच्च मा.वि. राहत | विरेन्द्र माध्यमिक विद्यालय, शलुङ-५ दोलखा | शारदा माध्यमिक विद्यालय , शैलुङ-८ दोलखा | काज सरुवा |
| २. | प्रकाश क्षेत्री | साविक उच्च मा.वि. राहत | विरेन्द्र माध्यमिक विद्यालय, शलुङ-५ दोलखा | शारदा माध्यमिक विद्यालय , शैलुङ-८ दोलखा | काज सरुवा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | टिकाराम वली | प्राथमिक तह स्थायी | शारदा माध्यमिक विद्यालय , शैलुङ-८ दोलखा | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ दोलखा | काज सरुवा |
| ४. | हेमराज भट्टराई | प्राथमिक तह स्थायी | मागापौवा माध्यमिक विद्यालय , शैलुङ-४ दोलखा | राष्ट्रिय आधारभूत विद्यालय , शैलुङ-६ दोलखा | काज सरुवा |
| ५ | दल बहादुर श्रेष्ठ | प्राथमिक तह स्थायी | राष्ट्रिय आधारभूत विद्यालय , शैलुङ-६ दोलखा | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ दोलखा | काज सरुवा |
| ६. | हिराकाजी श्रेष्ठ | प्राथमिक तह स्थायी | नविन माध्यमिक विद्यालय , शैलुङ-२ दोलखा | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ दोलखा | दरबन्दी सहित सरुवा |
| ७. | रेखा शिवाकोटी | प्राथमिक तह करार | ताप्केडाँडा आधारभूत विद्यालय , शैलुङ-२ दोलखा | मनमोहन शिक्षा सदन आधारभुत विद्यालय , शैलुङ-३ दोलखा | दरबन्दी सहित सरुवा |
| ८. | ज्ञानेन्द्र श्रेष्ठ | प्राथमिक तह करार | मनमोहन शिक्षा सदन आधारभुत विद्यालय , शैलुङ-३ दोलखा | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ दोलखा | दरबन्दी सहित सरुवा |
| ९. | रिक्त | प्राथमिक तह करार | शारदा माध्यमिक विद्यालय , शैलुङ-८ दोलखा | चण्डिका आधारभुत विद्यालय , शैलुङ-८ दोलखा | दरबन्दी पठाएको |

च) विद्यार्थीको खेलकुद, सिर्जनात्मक अभ्यास , योग ध्यान, प्रतिभा प्रस्फुटन जस्ता क्रियाकलाप सञ्चालन शिर्षकमा रहेको रू. ७०,०००।–( सत्तरी हजार) रकमबाट विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन गर्ने तथा सो कार्यक्रममा उत्कृष्ट तथा सहभागी हुने विद्यालयलाई तपसिल अनुसार हुने गरी पुरस्कृत गर्ने र नपुग हुने रकम गाउँपालिकाको आन्तरिक कार्यक्रम “शैक्षिक सम्मेलन, विज्ञान तथा शैक्षिक  प्रदर्शनी, अभिभावक शिक्षा कार्यक्रम” बाट खर्च गर्ने ।

| क्र.सं. | उत्कृष्ट स्थान | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रथम | १५०००।- | |
| २ | द्वितिय | १२,०००।- | |
| ३ | तृतीय | १०,०००।- | |

| | | | |
|---|---|---|---|
| ४ | सान्त्वना | ८,०००।- | |
| ५ | सहभागिता | ५,०००।- | |

छ) सिकाई स्तर कमजोर भएका विद्यार्थीहरुका लागि सुधारात्मक सिकाई कार्यक्रम शिर्षकमा रहेको रू. ३,००,०००।– (रू. तिन लाख ) बजेटबाट विद्यालयहरुले सुधारात्मक कक्षा सञ्चालन गर्नका लागि प्रति विद्यालय कक्षा १-५ मा रहेका विद्यार्थी संख्याको २५ % विद्यार्थीका लागि प्रति विद्यार्थी रू १,०००।– का दरले रू. २,२०,०००।– ( रू. दुईलाख विस हजार ) र बाकीँ रू. ८०,०००।– ( असी हजार ) शिक्षक तालिम , अनुगमन तथा प्रतिवेदन जस्ता कार्यमा खर्च गर्ने ।

ज) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत क्षमता विकास शिर्षकमा विनियोजित रू २,४५,०००।– वाट शिक्षा शाखा प्रमुखको संयोजकत्वमा कक्षा ५, ८ र १० मा उत्कृष्ट नतिजा हासिल गर्ने विषयगत शिक्षकहरु सहितको सुपरीवेक्षण समिति बनाई विद्यालय सुपरीवेक्षण गर्ने।

प्रस्ताव नं. १२(ख) माथि छलफल गर्दा विद्यालय व्यवस्थापन समिति गठनका सम्बन्धमा शिक्षा ऐन-२०२८ को दफा १२ को उपदफा १ बमोजिम हुने गरी गठन प्रक्रिया अगाडी बढाउने , शिक्षा नियमावली(दशौँ संसोधन) -२०५९ को नियम २३ को उपनियम ४ मा विद्यालय व्यवस्थापन मसितिको छनोट सम्बन्धी थप कार्यविधी गाउँ/नगर शिक्षा समितिले तोके बमोजिम हुने व्यवस्था रहेको हुनाले सोही नियमावलीको नियम २९ को उपनियम "ग" को सन्दर्भमा विद्यालयमा सञ्चालित कक्षा मध्ये माथिल्लो वा सो सरहको परीक्षा उतिर्ण गरेकोको हुनुपर्नेमा विद्यालयको गठन प्रक्रिया अगाडी बढाउदा सम्बन्धित कक्षा उतिर्ण गरेको अभिभावकले निवदन नदिएमा सो भन्दा तल्लो तहको तपसिल बमोजिम हुने गरी परीक्षा उतिर्ण गरेको अभिभावकले विद्यालय व्यवस्थापन समितिका लागि आवेदन दिन पाउने र छनोट गर्न सक्ने

अध्यक्षको हक

| क्र.सं. | विद्यालयको तह(कक्षा) | उतिर्ण गर्नुपर्ने तह (कक्षा) | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा १२ | माध्यमिक तह कक्षा १० | |
| २ | माध्यमिक तह कक्षा १० | आधारभुत तह कक्षा (८) | |
| ३ | आधारभुत तह कक्षा (८) | आधारभुत तह कक्षा (५) | |
| ४ | आधारभुत तह कक्षा (५) | आधारभुत तह कक्षा (३) | |
| सदस्यको हकमा | | | |

| | | | |
|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा १२ | आधारभुत तह कक्षा (८) | |
| २ | माध्यमिक तह कक्षा १० | आधारभुत तह कक्षा (५) | |
| ३ | आधारभुत तह कक्षा (८) | आधारभुत तह कक्षा (३) | |
| ४ | आधारभुत तह कक्षा (५) | सामान्य लेखपढ गर्न जान्ने | |

प्रस्ताव नं. १२(ग) माथि छलफल गर्दा शैलुङ गाउँपालिका अन्तर्गत सञ्चालित भुषाफेदा स्वास्थ्य चौकी, शैलुङ-२ मा अ.हे.व. पदमा कार्यरत कर्मचारी श्री हर्कमान लकसम्बाले मिति २०८३/०३/२४ गते दिएको अध्ययन विदा स्वीकृत गरिदिनको लागि निवेदन पेश गरेकोमा निजको अध्ययन बिदा बागमति प्रदेश सरकारको स्थानीय सरकार सञ्चालन ऐन, २०७९ को नियम ५९(६) बमोजिम बेतलबी बिदा स्वीकृत गर्ने

प्रस्ताव नं. १२(घ) माथि छलफल गर्दा सिन्धु ईन्द्रावती फिल्म प्रोडक्सन प्रा.लि., सिन्धुपाल्चोकले टुहुरो बालबालिकाहरुको संरक्षण तथा डकुमेन्ट्री निर्माणको लागि आर्थिक सहायता माग गरेको हुँदा सो प्रा.लि.लाई खर्च शिर्षक नं. २११४१, अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता ) शिर्षकमा विनियोजित रकमबाट रू २,००,०००/-(दुई लाख मात्र) सहायता गर्ने

प्रस्ताव नं. १२ (ङ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको स्थानीय चार्ड हिले जात्राको प्रवर्धन तथा संरक्षण गर्ने उद्देश्यका साथ साँस्कृतिक कार्यक्रम सञ्चालन गर्नको लागि खर्च उपशिर्षक नं. २२५११, विविध खर्च मेला महोत्सव जात्रा पूजा पाठ शिर्षकमा विनियोजित रकमबाट रू १,५०,०००/-(एक लाख पचास हजार मात्र) विनियोजन गर्ने

प्रस्ताव नं. १२(च) माथि छलफल गर्दा शैलुङ गाउँपालिका अन्तर्गत सञ्चालित शैलुङ गाउँपालिकामा कार्यरत मेडिकल अधिकृतलाई प्रत्येक महिनामा प्रत्यक वडामा डाक्टर सहितको सेवा उपलब्ध गराने शर्तमा आ.व. २०८३/०८४ बाट लागु हुने गरी सुरु तलब स्केलको ५७% ले हुन आउने रू ३०,५५८/-(तिस हजार पाँच सय अन्ठाउन्न रुपैयाँ मात्र) थप सेवा सुविधा उपलब्ध गराउने

प्रस्ताव नं. १२(छ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाबाट आ.व. २०८३/०८४ मा खरिद गरिने योजना तथा कार्यक्रमको वार्षिक खरिद योजना/गुरुयोजना स्वीकृत गर्ने

प्रस्ताव नं. १२(ज) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाबाट आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको वार्षिक कार्ययोजना स्वीकृत गर्ने

प्रस्ताव नं. १२(झ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी मिति २०८३/०२/१३ गतेको सूचना बमोजिम आय ठेक्का नं. **SRM/NCB/GOODS/RENT/02-082/083** को गोलघर ठेक्का भाडामा दिनको लागि न्युनतम वार्षिक भाडादर १४,४०,०००/-(भ्याट बाहेक) कायम गरी सूचना प्रकाशन

गरिएको र मिति २०८३/०३/०३ को १२ बजे सम्म श्री शैलुङ ईको भिलेज प्रा.लि. बाट रू २१,८९,९४०(भ्याट सहित), श्री शैलुङ जुगेश्वरी अर्गानिक कृषि फर्म प्रा.लि., बाट रू २९,१५,४००/-(भ्याट सहित) र शैलुङ इन होटल एण्ड लजबाट रू १७,६४,१५६/-(भ्याट सहित) वार्षिक भाडादर कायम गरी बोलपत्र पेश भएको र निजहरुको कानूनी कागजात र वार्षिक भाडा दर सहितलाई बोलपत्र मूल्यांकन हुँदा श्री शैलुङ जुगेश्वरी अर्गानिक कृषि फर्म प्रा.लि. सारभूत रुपमा प्रभावकारी देखिइ सम्झौताको लागि मिति २०८३/०३/१८ मा आशयको सूचना प्रकाशित गरिएको थियो । मिति २०८३/०३/३२ मा श्री शैलुङ जुगेश्वरी अर्गानिक कृषि फर्म प्रा.लि.लाई कार्यसम्पादन जमानत र ६ महिनाको अग्रिम भाडा बिभाज्यकोष खातामा जम्मा गरी सम्झौताको लागि २०८३/०३/३२ मा पत्राचार गरिएकोमा निर्धारित समय भित्र सम्झौता गर्न कार्यालयमा उपस्थित नभएको एवं पटक पटक सम्पर्क गर्न खोज्दा पनि सम्पर्क हुन नसकि सम्झौता हुने अवस्था नदेखिएको र निजले सम्झौता नगर्दा दोस्रो बढि कबोल गर्ने श्री शैलुङ ईको भिलेज प्रा.लि. विच वार्षिक भ्याट सहित रू ७, २५, ४६०( (दुई वर्षको भ्याट सहित रू १४,५०,९२०/-) देखिएको हुँदा निजले बोलपत्र पेश गर्दा गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको **Bid security** रकम रू १,४५,७७०/- सदरस्याहा गरी रू १३,०५, १५०/- रुपैया सरकारी बाँकि सरह असुल उपर गरी कालो सूचिमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने र दोस्रो बढि कबोल गर्ने श्री शैलुङ ईको भिलेज प्रा.लि. सँग सम्झौता प्रक्रिया अगाडि बढाउने